# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-३ | अंक-१६ | २०७५ कार्तिक २१ गते बुधबार | 7 November 2018 Wednesday | मूल्य रू. १०/-



वातावरण सफा राखौं ।
सरुवा रोगबाट बचौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## धर्तिको अलौकिक स्वर्ग रारताल

**मिसन न्यूज**

**कालिकोट-**कर्णाली प्रदेशको आकाश मुनिको धर्तिमा रहेको अलौकिक स्वर्ग जस्तै हो, राराताल । मुगुमा अवस्थित रारातालको जति नै बयान गरे पनि कम हुन्छ। सुन्दरताले भरिएको रारामा आउँने पर्यटकले प्राकृतिक छटाको स्वर्गीय आनन्द लिदै आएका छन्। रारातालको दृश्य नियाल्दा मन लोभ्याउने सुन्दर छ । तर, कानले सुनेको रारा भन्दा देखेको राराबाट पाइने आनन्द बेग्लै छ। राराताल स्वर्गको टुक्रा जस्तै छ। जहाँ पुग्दा स्वर्ग झरेजस्तो मनमा भान हुने गर्दछ । यहाँ आउने आगन्तुक प्राकृतिक मनमोहक दृश्य देखेर खुसीले बग्ने गर्दछन्। तत्कालीन स्वर्गीय राजा महेन्द्र बिरक्रम शाहले त रारालाई स्वर्गकी अप्सराको रुपमा लिए। उनले स्वर्गकी अप्सरा शिर्षकमा कविता नै लेखे। तर, राराको यो प्राकृतीक सुन्दरता अझै सदुपयोग भएको छैन्। रारातालको अनुपम छटालाई पर्यटकबाट भरिभराउ बनाउन जरुरी भएको छ। रारातालको सदुपयोग भएमा कर्णाली प्रदेशको हिराखानी जस्तै हुने सम्भावना देखिन्छ। रारालाई चिनाउन सरकारले महत्वपुर्ण भुमिका निर्वाह गर्न आवश्यक रहेको पर्यटकहरले बताएका छन् । राराको प्राकृतिक छटामा विश्वलाई आकर्षित गर्न कत्तिपनि ढिलाई गर्न नहुने कर्णाली प्रदेशका पर्यटनमन्त्री नन्दसिँह बुढाले बताए। उनले भने, 'जन्मेपछि जीवनमा एकपटक पुग्नै पर्ने थलो राराताल हो। यस वर्णन गरेर साध्य नै छैन। यसको पर्यटन पर्बद्धन गर्न जरुरी भएको छ।' राराले दिनमा थरिथरीको रंग बदल्ने गर्दछ। बिहान कालो, दिउसो निलो र बेलुका सप्तरंगी रुप राराले देखाउँछ। राराको बहुरुप हेर्न समय र केही खर्चको ब्यबस्थापन गर्न जरुरी भएको आगन्तुकले बताएका छन् ।

**निजि क्षेत्रको आवश्यकता-** हाल रारामा होटल डाँफे र भ्यालेज हेरिटेज मात्र छन्। निजि क्षेत्रको लगानी विना रारामा आउने पर्यटकको व्यवस्थापनमा समस्या आएको पर्यटकले बताएका छन् । निजि क्षेत्रको लगानी नभए सरकारले एक्लै पर्यटन विकास गर्न नसक्ने राष्ट्रिय योजना आयोगका सदस्य मिनबहादुर शाहीले बताए । नाग्म गम्गाडी सडक अनुगमन गर्दै रारा पुगेका आयोगका सदस्य शाहीले भने, रारा आफैमा प्राकृतिक सुन्दरताले भरिपुर्ण छ । तर, यसको सदुपयोग गर्न आवश्यक पुर्वाधारको व्यवस्था र होटल व्यवसाय मा निजि क्षेत्रको अनिवार्य आवश्ता रहेको छ। कर्णाली प्रदेशको मात्र नभइ देशको आर्थिक



मुगुमा रहेको सुन्दर राराताल ।

बाँकी ८ पृष्ठमा..

## नयाँ गन्तब्यमा पचालझरना

**मिसन न्यूज**

**कालिकोट-**सरकारले कालिकोटको पचालझरनालाई पर्यटकिय गन्तब्यको सुचीमा राखेको छ । प्रचार प्रसारमा नहुँदा ओझेलमा परेको पचालझरना एक सय पर्यटकिय गन्तव्य मध्ये ६४ औं स्थानमा परेको हो। सरकारले ओझेलमा परेका एक सय वटा नयाँ पर्यटकीय गन्तव्यसंगै पचालझरनालाई प्रवर्द्धन गर्ने भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उययन मन्त्रालयले प्रवर्द्धन गर्नुपर्ने नयाँ सयवटा पर्यटकीय गन्तव्यहरु भित्र पचलाझरनालाई पनि प्राथामिकतामा राखेको हो । पचालझरना पर्यटन गन्तब्यमा राख्न नेपाल पर्यटन बोर्ड, स्थानीय तथा प्रदेश सरकारबाट सिफारिस गरिएको हो। नयाँ पर्यटकीय गन्तव्यका लागि ६ सयभन्दा बढी स्थानहरु प्रस्तावित थिए। त्यसमध्ये कुन गन्तव्यलाई सयवटा भित्र समेटेर प्रवर्द्धन गर्ने भन्नेबारे मन्त्रालयले विभिन्न आधार तय गरेको थियो । पर्यटन गन्तव्यका लागि न्युनतम हुनुपर्ने सबै प्रक्रिया पचालझरनाको पुरा भएको थियो ।

बाँकी ५ पृष्ठमा..

## शान्ति सुरक्षा कर्णालीमा बलियो छ : 'डिआइजी' शाह

**मिसन न्यूज**




**कालिकोट-** कर्णाली प्रदेशका प्रहरी प्रमुख 'डिआइजी' महेश विक्रम शाहले कर्णाली प्रदेशमा शान्ति सुरक्षाको अवस्था बलियो रहेको बताए । कर्णालीका दश वटै जिल्लामा ठुलो घटना नभएको उनले दावि गरे । जिल्ला प्रहरी कार्यालय कालिकोटले आयोजना गरेको नागरिक सुनुवाइ कार्यक्रममा सम्वोधन गर्दै डिआइजी शाहले सो कुरा बताएका हुन् । कर्णाली प्रदेशमा सामान्य तया छिटपुट घटनाबाहेक शान्ति सुरक्षा राम्रो रसुधार भएको शाहले बताए। जिल्लाको शान्ति सुरक्षा, नागरिक, प्रहरी विचको सम्बन्ध र शान्ति सुरक्षाको अनुगमनको सिलसिलमा डिआइजी शाह कालिकोट पुगेका हुन्। नागरिक र प्रहरीको समन्वय गरेर मात्र जिल्लाको शान्ति सुरक्षा कायम हुने सहभागीले बताएका थिए। डिआइजी शाहले भने, 'नागरिक पनि बिनाबर्दीको प्रहरी नै हो । नागरिक र प्रहरीको समन्वयमा जिल्लाको शान्ति सुरक्षा राम्रो बनाउनुका साथै अपराधमुक्त समाज बनाउन अनिवार्य छ।' नागरिक सुनुवाइ कार्यक्रममा राजनीतिक दलका नेता र नागरिकले पछिल्लो समय जिल्ला प्रहरी कार्यालयबाट भएका कामबारे बोल्दै प्रहरीलाई सुझाव दिएका थिए। जिल्ला प्रहरी कार्यालयले खाँडाचक्र नगरपालिकाको सहयोगमा कर्णालीमै पहिलो पटक सदरमुकाम मान्म बजारमा सीसीटीभी जडान गरेको छ । सदरमुकामको सुरक्षाका लागि सिसिटिभी जडान गरिएको प्रहरीले बताएको छ। प्रहरीले सेवाग्राहीका लागि डेस्क बनाएर १० मिनेटमा काम हुने गरेको छ ।

बाँकी ७ पृष्ठमा..

विनोद न्यौपाने

# नेपालको संघीयता र अबको बाटो

हामी स्रोत र साधन कम भएकै मुलकमा छौं । यहाँ धेरै व्यक्ति राजनीतिक स्वार्थ बोकेका पार्टीहरू शासन गरिरहेका छन् । आर्थिक स्रोतका लागि प्रदेश स्थानीय निकायहरू केन्द्र सरकारकै भर पर्नुपर्ने अवस्था अध्ययन गर्दा देखिन्छ । हामीसँग मानवीय पुँजी नभएको अवस्था छ। हामीले प्रदेशको आर्थिक संघीयताको खाका वा रूपरेखा कोरेकै छैनौं । स्थानीय निकाय तानतुन चलिरहको अवस्थामा एक वर्ष गएको छ। प्रदेशमा कानुन, नीति, कार्ययोजना, शासकीय पद्धति, स्रोत र साधन र प्रशासन आदि इत्यादि सबै बनाउनुछ। हामीले खर्चमा नियन्त्रण, चुस्त प्रशासन, छोटो मध्यम र लामा योजनाहरू बनाउनुपर्ने अवस्था छ। यो सबै गर्न अहिलेको अवस्थामा बहुआयामिक विज्ञहरूको समूहलाई एकैचोटि समूहमा कार्य गराउँदा उब्जने द्वन्द्व र विभिन्न दृष्टिलाई समेटन सक्छौं । नेपालको भूगोल हेर्दा कार्यक्रम एकीकृत दृष्टिकोणबाट जानु उचित हुन्छ। कुनै पनि प्रदेशले प्रत्येक कार्यक्रम तयार गर्दा ऐतिहासिक भूगोल, मानवीय र आर्थिक भूगोल बिर्सनु भएन। त्यहाँ केही मात्रै तल माथि हुँदा विवाद र द्वन्द्व निम्तिन्छ। विकासका धेरै मोडल र एप्रोच छन् । आफ्नो ठाँउ, स्पेस कनेक्टिभिटी र सामीप्यता जुनसकै नीति र योजना बनाउँदा भुल्नु हुँदैन । सन् १९९० देखिको अहिले सम्मको भ्रष्टाचार र कमिसनको इतिहास हेर्दा हाम्रो प्रवृत्ति, संस्कारमा बसिसकेको प्रतीत हुन्छ । त्यसैले उत्तरदायित्व, पारदर्शिता र विश्वास लाई कसरी कार्यक्रम र नीतिहरूमा प्रयोग र प्रस्त्याउन सकिन्छ ठाउँ हेरी, कार्यक्रम हेरी त्यो कार्यान्यनमा लैजानुपर्दछ । ठूलो कुरो आयोजना चक्र हो। त्यसचित्रका अवयवलाई ध्यान पुर्‍याउनुपर्छ। सातवटै प्रदेशमा दृष्टि लगाउँदा हामी जहिल्यै भूकम्प, खडेरी, पहिरो र डुबानमा छौं। प्रत्येक नीति र योजना बनाउँदा यसलाई मध्यनजरमा राख्नपर्छ । वातावरण, समाज र समुदायको सम्बन्ध ख्याल गरौं। मूलतः माइक्रो इकोनोमिक पुन-संरचना कसरी गर्न सक्छौं ? त्यसभित्र कस्तो प्रविधि अपनाउन सक्छौं । सामाजिक अवधारणा के के छन्, त्यसलाई कार्यान्वयनमा ल्याउन संस्था नयाँ खडा गरेर वा पुरानैलाई चलायमान बनाउन सक्छौं। प्रदेशमा हमीले वास्ता नगरेका पुरानो बजारीकरणका प्रथा, सानासाना हाटबजारलाई व्यवस्थित कसरी गरी चलायमान बन्छ । त्यहाँ मूल्य शृंखलाको अवधारणा जोडेर गाउँले मानिसलाई कसरी सहज र उत्पादन तिर उत्साहित पार्न सक्छौं । कुनै पनि ठाउँको स्पेस हामी नाप्न सक्छौं। स्पेस नाप्न हामी सामीप्यता भोगोकिता र संस्थाहरूको चलायमान अवस्था हेर्छौं। त्यसमा मूल्य र नोड (गाँठो) हेर्छौं। यो खुला सिमानामा रहेका प्रदेशहरू सहजै स्थानीय, प्रदेशको आधिक्य अवस्थालाई चलायमान बनाउन प्रयोग गर्न सक्छौं तर त्यस ठाउँको समयलाई समाउन सक्नुपर्छ। प्रत्येक प्रदशको आर्थिक, सामाजिक र वातावरणीय पद्धतिको क्षमता मूल्यांकन गरी, संरचना पहिचान गरी त्यसलाई चलायमान बनाउने अवस्था हो । अहिले यो विश्वव्यापीकरण अवस्थामा त्यसतर्फ पाइला चाल्नु जरुरी छ। यसले भोलि आउने विपद व्यावस्थापन गर्न सक्छौं । हामीसँग धेरै अवसर पनि छन् र चुनौती पनि। जोखिम छन् तर सहजै हमी अघि जान सक्छौं । जनप्रतिनिधित्व गर्नेहरूले विश्वास आर्जन गर्नुपर्छ। मनोवैज्ञानिक रूपले विश्वास र सामाजिक पुँजी कमाएपछि समाज चलायमान बनाउन सकिन्छ। संघीयतामा समाज हाक्न भाटो र कानुनले मात्रै काम गर्दैन। हाम्रो आधारभूत अवस्था जराहरू ग्रासरुट तहमै छ। केन्द्रको मुख ताक्ने मात्रै होइन, आफैं केही गर्ने हो। त्यसमा सम्बन्ध र समन्वय खोज्नु पर्दछ । त्यो खोज्न आफू बसेको समाजको वंशाणुगत गुणहरू, बानीव्यहोरा, मूल्य र मान्यताहरू अनि भइरहेको व्यवहार जान्नुपर्छ । अहिलेको विश्वव्यापीकरणको बहाव भनेको वा राजनीतक-आर्थिक एप्रोज हो । आर्थिक परिदृश्यमा मूलत एकीकृत पुँजी संकलन र विकासमा असमानता हुन्छ। हामीले यसभित्र खेल्ने हो । हामीसँग रहेको, आउन सक्ने र भोटायल अर्थलाई समाउने हो। यो गर्न आर्थिक वृद्धिको पद्धति, भइरहेको बजारको रूपान्तण हुनुपर्छ। बजारीकरणभित्र खेलिरहेका बिचौलियाहरूको भूमिका, त्यस बाटामा आफूले खेल्ने भूमिकामा प्रस्रुट हुनुपर्छ। प्रविधि र नवीनतामा भएको परिवर्तनलाई सामाजिक सम्बन्ध भएका नायकहरू, मुख्य पुँजी, श्रम। राज्य र संघसंस्थाहरूलाई एकै बिन्दुमा कसरी जोड्ने ? कसरी चलायमान बनाउने ? स्रोत र साधनमा पहुँच पुर्‍याएर कुनै क्षति नपुर्‍याई चलायमान बनाई नौनी कसरी निकाल्ने यो संयन्त्रको विकसित गर्नुपर्दछ । दृष्टि र नीति केन्द्रत गर्नुपर्नेमा नेपाललाई अहिले आवश्यक भनेको रोजगारी दिने ठूला संरचना, पूर्वाधार विकास, कृषि, पर्यटन, जलस्रोत मानवीय जनशक्ति विकासका लागि आवश्यक पर्ने अध्ययन संस्थानहरूको पूर्वाधार विकास र विश्वविद्यालयहरूमा अनुसन्धान हो । अनुसन्धानबेगर अगाडि जानाले हामी यी दुर्गति व्यहोरेका हौं । जहिल्यै आयोजनको दृष्टि सुरु गर्नुअघि त्यस कार्यको अनुमान गरिएको प्रभावकारिता भएका सामग्रीहरू, प्रतिफलहरू, लाभ हानि अनुपात, जोखिम र चुनौतीहरू हेरिनुपर्दछ । मूल्यांकन र निरीक्षक पद्धति र परिणाम हेर्ने प्रवृत्तिको खाँचो देखिन्छ ।

## साताको भाग्यफल

**मेष** : सुरुमा परिश्रम परे पनि राम्रो प्रतिफल पाइनेछ। प्रतिस्पर्धीहरूलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ।

**वृष** : बौद्धिक प्रतिस्पर्धाले केही समस्या निम्त्याउन सक्छ। सहपाठीहरूबीच असमझदारी बढ्नुका साथै अध्ययनमा पनि समय दिन नसकिएला।

**मिथुन** : पारिवारिक असमझदारीले मन खिन्न हुनेछ। शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**कर्कट** : परिश्रमको नतिजा राम्रै पाइनेछ। हिम्मत गर्दा विशेष अवसर प्राप्त हुन सक्छ। अप्ठ्यारो परिस्थितिमा पनि सहयोगीहरूले साथ दिनेछन्।

**सिंह** : धेरै बोल्ने बानीले विवाद निम्त्याउन सक्छ। कुरा लगाउनेहरूले आत्मीय सम्बन्धमा फाटो उत्पन्न गर्न सक्छन्।

**कन्या** : अवसरले पछ्याए पनि कर्मगतिले पछि पार्न सक्छ। प्रतीक्षा गरिएको नतिजा सकारात्मक नहुने समय छ। अस्वस्थताले कमजोर महसुस हुनेछ।

**तुला** : प्रारम्भमा अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। खर्च बढ्नाले अर्थ संकट देखा पर्न सक्छ।

**वृश्चिक**: रम्भमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम सुरुआत गर्ने अवसर जुट्नेछ। परिवारजनका आवश्यकता पूरा गर्न सकिनेछ।

**धनु** : प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। काम देखाएर धेरैको मन लोभ्याउन सकिनेछ। प्रयत्न गर्दा नोकरी प्राप्त हुने सम्भावना छ।

**मकर**: प्रारम्भमा केही चुनौती सामना गर्नुपर्ने देखिन्छ। स्वास्थ्य कमजोर रहे पनि केही दिन पर्खंदा सहयोगीहरू जुट्नेछन् र काम सफल हुनेछ।

**कुम्भ** : प्रारम्भमा अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला। ईर्ष्या गर्नेहरू बढ्नेछन् भने विरोधीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्।


**मीन** : प्रारम्भमा प्रियजनसँगको भेटघाटले उत्साह जगाउनेछ। भौतिक सुखका साधन जुट्नेछन्। तर, मंगलबारपछि अर्थ अभावले आँटेको काम स्थगित हुन सक्छ

हार्दिक शुभकामना
वालविवाह अन्त्य गरौं ।
सभ्य समाज निर्माण गरौं ।
हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
किर्डाक नेपाल, कालिकोट
भिडिसेफ नेपाल, कालिकोट
सहास नेपाल, कालिकोट

# राज्यको नजरमा नपरेका पर्यटकीय गन्तव्य

**डिबि बुढा**

**जुम्ला -** तत्कालिन कर्णालीको सदरमुकाम खलंगास्थित चन्दननाथ भैरवनाथ मन्दिर धार्मिक पर्यटन केन्द्र हो। कर्णालका सबै क्षेत्रबाट पूजाआजा गर्न मान्छे चन्दननाथ आउछन् । विहानैदेखि आन्तरिक तथा वाह्य पर्यटकको चन्दननाथमा घुइचो लाग्ने गर्दछ । तर, संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्रालयले छनोट गरेका एक सय पर्यटकीय गन्तव्यमा चन्दननाथ पर्न सकेन् । चन्दननाथ भैरवनाथ गुठी समितिका पूर्व अध्यक्ष गौरीनन्द आचार्य राजनीतिक पहुँच नपुग्दा चन्दननाथ पर्यटकीय गन्तव्यको सूचिमा पर्न नसकेको बताउँछन् । चन्दननाथ बाबालाई मुसिकोटे राजाका सन्तानले कुल देवताको रूपमा पुज्छन् । चन्दननाथ मा दत्तातय भगवानको चरणपादुका छ । चरणपादुका दर्शन गर्न विहानै ४ बजेदेखि विशेष भेटी चढाएर प्रवेश गर्न सक्ने व्यवस्था मिलाइएको छ । 'नयाँ कृत्रिम रुपमा बनाइएका सम्पदा पर्यटकीय गन्तव्यको सूचीमा पर्न थाले, परम्परादेखि प्रशिद्धि कमाएका गन्तव्य छुट्न थाले', पूर्वअध्यक्ष आचार्यले भने, 'यो नेपालकै लागि राम्रो संकेत होइन् ।' पर्यटकीय गन्तव्यको सूचीमा जुम्लाको सिजा सभ्यता र यस आर्थिक वर्षमा निर्मित डुंडुल चैत्य समावेश छन् । कर्णाली प्राकृतिक पर्यटनको अथाह संभावना भएको क्षेत्र हो भन्ने तर व्यवहारमा सबै पर्यटन गन्तव्यलाई सूचीमा राख्न कन्ज्युस्याई गर्नुले अहिले पनि अन्यायमा परेको महसुस कर्णालीवासीले गर्न थालेका छन् । मुगुको रारा हुँदै जुम्ला खलंगा पुग्ने पर्यटकले चन्दननाथ मन्दिरको अवलोकन र दर्शन गरेर मात्रै फर्किने गरेका छन् । उड्ययनमन्त्रालयले यहाँका पर्यटन क्षेत्रको अपमान हुने गरी प्रकासित गरेको पर्यटन गन्तव्यको सूची तत्काल सच्याउन कर्णालीवासीले माग गरेका छन् । जुम्लाको तातोपानी कुण्ड, पाण्डवगुफा, कनकासुन्दरी मन्दिर, पातारासी गाउँपालिकाको देवस्थल, वाता झरना पनि पर्यटकको रोजाइमा पर्ने गन्तव्य हुन् । पर्याप्त अध्ययन र अनुसन्धान बिनै सरकारले उत्कृष्ट एक सय पर्यटकीय गन्तव्य घोषणा गरेकोप्रति स्थानीय आक्रोशित छन् । मन्त्रालयले घोषणा गरेका पर्यटकीय गन्तव्यमा कर्णालीका महत्वपूर्ण पुरातात्विक, धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदा पर्न नसक्नु कर्णालीको पहुँच सिंहदरबारसम्म पुग्न नसक्नु भएको संस्कृति सम्बन्धी जानकार रमानन्द आचार्य बताए। जुम्लाको चन्दननाथ मन्दिर, मुगुको छायाँनाथ, हुम्लाको एलबाङ गुम्बा, कालिकोटको चुलिमालिकालाई सूचीमा समावेश गर्न कन्ज्युस्याई गरिएको छ, उनले भने । सरकारले गन्तव्यको सूचीमा डोल्पाको सेफोक्सुन्डो राष्ट्रिय निकुञ्ज र त्रिपुरासुन्दरी धार्मिक पर्यटन क्षेत्र, जुम्लाको सिँजा सभ्यता, डुंडुल चैत्य, हुम्लाको लिमी उपत्यका, मुगुको राराताल, रारा-सेफोक्सुन्डो ट्रेकिङ, कालिकोटको पचाल झरनालाई मात्र सूचीमा अटाएको छ । कर्णालीको प्रमुख शक्तिपीठ मानिएको चन्दननाथ मन्दिरलाई संघीय सरकारले पर्यटकीय गन्तव्यमा समावेश नगरेर पक्षपात गरेको चन्दननाथ नगरपालिका प्रमुख कान्तिका सेजुवालले बताइन् । तातोपानी गाउँपालिकाको तातोपानी धारा, चन्दननाथ नगरपालिकाकै दानसाँघु दोभान लगायत साँस्कृतिक तथा धार्मिक पर्यटकीय गन्तव्यलाई छुटाउनु राम्रो पक्ष नभएको उनको भनाई छ । चन्दननाथ बाबाको चिनोस्वरूप नेपालको सबैभन्दा अग्लो धान फल्ने ठाउँ छुमचौर, सिँजाको कनकासुन्दरी, सिँजा दरबार, कालीकोटको खाँडाचक्र कोट दरबार, युद्ध पर्यटकीय पिली र कोटवाडा, चुलीमालिका हुँदै पुगबाट रारा जोड्ने पर्यटन मार्ग, चिल्खायाको रुरु बन्चुपाटनलाई सूचीबाट छुटाइएको छ ।



पर्यटन गन्तव्यको सूचीमा पर्न नसकेको धार्मिक पर्यटकीय गन्तव्य जुम्लाको चन्दननाथ मन्दिर ।

**सम्पुर्णमा हाम्रो अनुरोध**

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं।

पलाँता गाउँपालिका
कालिकोट

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावर ण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
कालिकोट

## हार्दिक शुभकामना

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोग को लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्दबहादुर सिंह (प्रमुख) | मनराज शाही (उपप्रमुख)

महावै गाउँपालीका कालिकोट

वडा अध्यक्ष

मनराज शाही वडा नं. १
धर्मराज शाही वडा नं. ५
गौकला सिंह वडा नं. २
रविन्द्रबहादुर शाही वडा नं. ६
दानकला सिंह वडा नं. ३
सिंहबहादुर शाही वडा नं. ७
विविशरण शाही वडा नं. ४

## हार्दिक शुभकामना

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खड्क सेजुवाल (प्रमुख) | तारा न्यौपाने (उपप्रमुख)

पचालझरना गाउँपालीका कालिकोट

वडा अध्यक्ष

रन्तलाल न्यौपाने वडा नं.१
बनपती बुढा वडा नं. ६
करबिरे बि.क. वडा नं. २
सर्पसिं बोहोरा वडा नं.७
लोगजंग कठायत वडा नं.३
डम्बरे कामी वडा नं. ८
अनरुप रोकाया वडा नं.४
देउमले नेपाली वडा नं.५
जोरे तिरुवा वडा नं. ९

## हार्दिक शुभकामना

चर्पीको प्रयोग गरौं । पानीको प्रयोग सम्बन्धि सुरक्षित व्यबहार देखाऔं । साबुनपानीले हातधुने बानी बसालौं । सफा घर आगन राखौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डिभिजन खानेपानी कार्यालय,कालिकोट

कर्णाली प्रदेश

## हार्दिक शुभकामना

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नुपर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनिपाल शाही (प्रमुख) | लक्ष्मी बिष्ट (परियार) (उपप्रमुख)

एवं जिल्ला समन्वय समिति

परिवार कालिकोट

## हार्दिक शुभकामना

एक घर एक करेसाबारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृषि ज्ञान केन्द्र

परिवार कालिकोट

**नयाँ गन्तव्यमा पचाल.....**

मन्त्रालयकाका अनुसार नयाँ छनोट भएका भएका पर्यटकीय गन्तव्यहरु निजी क्षेत्र, स्थानीय सरकार र स्थानीय बासिन्दाको पनि सहयोग लिएर घुम्नयोग्य बनाइनेछन् । सम्भावना भएर पनि ओझेलमा परेको पचालझरनाको गन्तव्यलाई अब विशेष रुपमा विकास, प्रचार, प्रसार र संरक्षण गरिनेछ । 'नेपाल भ्रमण वर्ष'मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यलाई प्राप्त गर्ने गरी नयाँ गन्तव्यको प्रवर्द्धन योजना बनाइएको छ । पचालझरनालाई पनि पर्यटकीय गन्तव्यको विकासमा सरकारले यसै वर्षबाट बजेट खर्च गर्न सुरुआत गर्नेछ । पचलझरनाले चर्चा नपाएकाले यो क्षेत्रमा भौतिक पूर्वाधार र सेवासुविधाको अभावले ओझेलमा परेको थियो । झरनालाई पर्यटकीय गन्तव्यहरु लाई नयाँ पर्यटकीय स्थलका रुपमा विकास गर्ने गरी छनोट गरिएको हो । एक सय पर्यटन गन्तव्यभित्र ६४ औं स्थानमा पचालझरना परेकाले एकदमै खुसी लागेको पचालझरना गाउँपालिका अध्यक्ष खड्कराज सेजुवालले बताए ।

**एसियाकै अग्लो झरना**

पचालझरना एसियाकै अग्लो झरना भएको गाउँपालिकाले दावि गरेको छ ।


# हार्दिक शुभकामना

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाइ तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खडानन्द चौलागाई (अध्यक्ष)

पम्फादेवी शाही (उपाध्यक्ष)

**शुभकालिका गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

विरबहादुर बुढा मगर वडा नं. १
मानबहादुर शाही वडा नं. २
धनराज शाही वडा नं. ३
रामबहादुर शाही वडा नं. ४
केशनबहादुर शाही वडा नं. ५
कर्णबहादुर केसी वडा नं. ६
जनकबहादुर शाही वडा नं. ७
दीपक महतारा वडा नं. ८



# हार्दिक शुभकामना

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाइ तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मण बम (प्रमुख)

दाना न्यौपाने (उपप्रमुख)

**पलाता गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

मानबहादुर भण्डारी वडा नं. १
वृद्धि कामी वडा नं. २
कर्णबहादुर रोकाया वडा नं. ३
ऐनराज महतारा वडा नं. ४
विरबहादुर बम वडा नं. ५
रुपबहादुर रोकाया वडा नं. ६
बर्जबहादुर बम वडा नं. ७
पटक बम वडा नं. ८

## स्थानीय तहमा इन्टरनेट

**मिसन न्यूज**

**कालिकोट -** कालिकोटका सबै स्थानीय तहमा इन्टरनेट सेवा विस्तार गरिएको छ । स्थानीय तहका गतिविधि नागरिकमाझ पुऱ्याउन र आवश्यक सूचना लिन इन्टरनेट सेवा अनिवार्य



भएको शान्तित्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बर शाहीले बताए । नगरपालिका र गाउँपालिकाले वेबसाइट बनाएर जनतालाई सु-सूचित गराएका छन् । केही स्थानीय तहमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, सम्पत्ति कर, भूमिकरलगायत राजस्वको नगदी रसिद अनलाइन पद्धतिबाट अभिलेख राख्न सुरु गरिएको छ । रास्कोट, तिलागुफा नगरपालिका र पलाँता, पचालझरना, शान्तित्रिवेणी, नरहरिनाथ, शुभकालिका र महाँवै गाउँपालिकामा यस वर्षदेखि इन्टरनेट सेवा विस्तार गरिएको कालिकोट ओडलिङ्कका प्रमुख जसवोगटीले बताए । स्थानीय जनतालाई छिटो, छरितो र भरपर्दो सेवा प्रवाह गर्न, संस्थागत कागजात चुस्त राख्न इन्टरनेट सेवा जडान गरिएको नरहरिनाथ गाउँपालिकाका अध्यक्ष धीरबहादुर विष्टले बताए । 'गाउँपालिकाका सम्पूर्ण सूचना जनताले हेर्न र बुझ्न मोबाइल एप्स पनि सुरु भएको छ', उनले भने ।

बाँकी ७ पृष्ठमा..


# हार्दिक शुभकामना

समयमै व्यक्तिगत घटना दर्ता गरौं । राज्यको निकायमा आफ्नो पहुँच बढाऔं ।

एक घर एक चर्पी कालिकोटको शान । पुर्ण सरसफाई युक्त जिल्ला हाम्रो अभियान ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रत्नबहादुर शाही (मेयर)

दन्ता नेपाली(दर्शना) (उपमेयर)

**तिलागुफा नगरपालिका कालिकोट**

**वडा अध्यक्ष**

दलबहादुर कटुवाल वडा नं. १
दलसुर बोहोरा वडा नं. २
सुर्यबहादुर शाही वडा नं. ३
खड्कराज शाही वडा नं. ४
टिकाराम न्यौपाने वडा नं. ५
धर्मराज शाही वडा नं. ६
नेत्रबहादुर शाही वडा नं. ७
तिलक न्यौपाने वडा नं. ८
नरेन्द्रबहादुर रोकाया वडा नं. ९
मनबहादुर थापा वडा नं. १०
रघुविर शाही वडा नं. ११



# हार्दिक शुभकामना

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कासीचन्द्र बराल (मेयर)

मिमसरा शाही (उशा) (उपमेयर)

**रास्कोट नगरपालिका कालिकोट**

**वडा अध्यक्ष**

नमराज संज्याल वडा नं. १
दयाराम सिम्खाडा वडा नं. २
देउसिंगे कुमाल वडा नं. ३
विनोदकुमार शाही वडा नं. ४
नरजंग शाही वडा नं. ५
टक्क फर्साल वडा नं. ६
अदलसिंह महतारा वडा नं. ७
कृष्णप्रसाद धमाला वडा नं. ८
डबल बोगटी वडा नं. ९

## शान्ति सुरक्षा कर्णालीमा..

पीडितको जाहेरीका आधारमा तत्काल मुद्दा दर्ता गरी कानुनी प्रक्रिया थाल्ने, महिला र दलितका मुद्दालाई प्राथमिता दिने गरेको प्रहरी नायव उपरिक्षक डिएसपी विनोद शर्माले बताए । कार्यक्रममा सहभागीले सुधार गर्नुपर्ने कमजोरी पनि औंल्याइएका थिए । जिल्लाका ९ वटै स्थानीय तहमा चौकी स्थापना भएपनि जनशक्ति व्यवस्थापन गरिनु पर्ने सहभागीले बताए । प्रहरी कार्यालयमा नागरिकको सहज पहुँच गरिनु पर्ने र गाउँमा हुने घरेलु मदिरा नियन्त्रणमा प्रहरीको प्रभावकारी अभियान रहनु पर्ने लगायतका सुझाव दिएका छन् । सहभागीले कर्णाली राजमार्गका रिफ्रेन्स सेन्टर प्रभावकारी बनाउनुपर्ने, कर्णाली राजमार्ग स्तरोन्नति गर्नुपर्ने लगायतका सुझाव दिएका छन् ।

## स्थानीय तहमा इन्टरनेट......

उनले गाउँपालिकामा बैंक पनि सञ्चालन गर्नुपरेकाले इन्टरनेट सेवा जडान गर्नुपरेको जानकारी दिए । रास्कोट नगरपालिकामा पनि इन्टरनेट सेवा जडान गरी व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको अभिलेख अनलाइनमा राख्न सुरु गरिएको नगर प्रमुख कासीचन्द्र बरालले बताए ।


# हार्दिक शुभकामना

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल,जनप्रतिनिधि,सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**धिरबहादुर बिष्ट (अध्यक्ष)**

**मनसोभा बुढा (उपाध्यक्ष)**

**नरहरीनाथ गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

पृथी बिष्ट वडा नं. १
प्रेम दमाई वडा नं. २
टक्क बिष्ट वडा नं. ३
नरबहादुर बोगटी वडा नं. ४
गगन फडेरा वडा नं. ५
तुलाराम बि.क. वडा नं. ६
दलबहादुर बि.क. वडा नं. ७
लोग बिष्ट वडा नं. ८
जोरासिंह शाही वडा नं. ९



# हार्दिक शुभकामना

ॐ

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**किसान माईक्रोफाइनान्स, कालिकोट**

**हिमचुली कृषि सहकारी संस्था लि., कालिकोट**



# हार्दिक शुभकामना

'घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं'

रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं'

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिल्ला स्वास्थ्य कार्यालय कालिकोट**



# हार्दिक शुभकामना

**वचत गर्ने वानी वसालौं ।**

**जिवन स्तर उकासौं ।**

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक, कालिकोट**

**एन.आई.सि.एशिया बैंक लि., कालिकोट**

**सानिमा बैंक, सान्नी त्रिवेणी, कालिकोट**

**मेगा बैंक नेपाल लिमिटेड, कालिकोट**

**ग्लोबल आइएमई बैंक, कालिकोट**

**कृषि विकास बैंक, कालिकोट**

## धर्तिको अलौकिक स्वर्ग....

कायापलट गर्न सक्ने रारा मात्रै होईन, रारा क्षेत्र स्थानीय जीवनशैली, बन्यजन्तु, स्थानीय खाना र फरक खालको भू बनावटले पनि अलौकिक र मनमोहक भएको जानकारहरु बताउछन्। समुन्द्र सहतबाट ३ हजार मिटर उचाइमा रहेको रारा तालको गहिराई १ सय ६७ मिटर छ भने लम्बाई ५ किलोमिटर छ। यसको चौडाइ ३ किलोमिटर रहेको छ। रारा तालको एक फन्को लगाउन तीन घण्टा समय खर्चिनुपर्छ। १६ वर्ग किलोमिटर ताल वारपारको लम्बाई छ।

**कसरी जाने रारा**

रारातालको पदयात्रा हवाई र स्थल दुवै मार्गबाट जान सकिन्छ। जहाजबाट काठमाडौंबाट नेपालगन्ज(सुर्खेत आउनु पर्छ। सुर्खेतबाट मुगुको ताल्चा बिमानस्थलसम्म हवाइजहाजले जोडेको छ। ताल्चा बिमानबाट रारासम्म एक सयभन्दा धेरै घोडाहरु प्रयोग भएका छन्। पर्यटकलाई साना तथा ठुला गाडी निकुन्जभित्र लिन नपाइने भएकाले स्थानीयले घोडाको माध्यामबाट पर्यटकलाई रारा पुगाउने व्यवस्था गरिएको छ। एक साताको प्याकेजमा यो क्षेत्र फन्को मार्न सकिन्छ।


# हार्दिक शुभकामना

*सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामबाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।*

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७४ को शुभ अवसरमा राजनितिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

डम्वरबहादुर शाही (दिलिप) (अध्यक्ष)
होइजालीकुमारी बुढा (उपाध्यक्ष)

सान्नी त्रिवेणी गाउँपालिका कालिकोट
वडा अध्यक्ष

भरतकुमार बि.क वडा नं. १
विरजित बटाला वडा नं. २
कृष्णप्रसाद देवकोटा वडा नं.३
अनिपाल धामी वडा नं. ४
नरेश बम वडा नं. ५
रंगराज सार्की वडा नं. ६
मणीप्रसाद सिम्खाडा वडा नं. ७
जनकराज खत्री वडा नं. ८
दुर्गा केसी वडा नं. ९

# हार्दिक शुभकामना

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ जीवन जिउने आधार हो।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

जसीप्रसाद पाण्डे (मेयर)
विजया बिष्ट (उपमेयर)

खाँडाचक्र नगरपालिका कालिकोट
वडा अध्यक्ष

गणेशबहादुर शाही वडा नं. १
विर्खसिंह वि.क. वडा नं. २
महादेव पाण्डे वडा नं. ३
धनसिंगे कामी वडा नं. ४
खडानन्द चौलागाई वडा नं. ५
जगदिश शाही वडा नं. ६
रजबहादुर मल्ल वडा नं. ७
आदीचन्द चौलागाई वडा नं. ८
गोविन्दबहादुर मल्ल वडा नं. ९
डिलबहादुर शाही वडा नं. १०
पुष्पराज गीरी वडा नं. ११


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
MISSION News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट, फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३, इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रणः ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट